# बेनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# बेनी, म्याग्दी
## आर्थिक वर्ष २०८२।८३ को एघारौं कार्यपालिका बैठकका निर्णयहरु

(मिति: २०८२।१२।२७ गते)

**प्रस्तावहरु:**

१. आ.व. २०८३/८४ का लागि गण्डकी प्रदेश सरकारको समपुरक र विशेष अनुदान तर्फका योजना छनौट सम्बन्धमा।

२. बेनी नगरपालिका अन्तरगतका विभिन्न सामुदायिक विद्यालयको तह तथा कक्षा मिलान र शिक्षक दरबन्दी व्यवस्थापन सम्बन्धमा।

३. वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति तथा नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन सम्बन्धमा।

४. अध्ययन विदा स्वीकृती सम्बन्धी निवेदन सम्बन्धमा।

५. वृहत खोप्टेखोला खानेपानी आयोजनामा लागत साझेदारी बापतको रकम भुक्तानी सम्बन्धमा।

६. नदिजन्य निर्माण सामाग्री उपयोग गर्ने सम्बन्धी निवेदन सम्बन्धमा।

७. जमुनाखर्क माध्यामिक विद्यालयको कक्षा ११ मा विषय थप गरी पठन पाठन गर्ने सम्बन्धमा।

८. नमुना माध्यामिक विद्यालयको स्वीकृत गुरुयोजना बमोजिम थप भौतिक निर्माण सम्बन्धमा।

९. विविध।

**निर्णयहरु:**

१. आर्थिक वर्ष २०८३/८४ का लागि गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने समपुरक र विशेष अनुदानतर्फ देहायका योजना छनौट गरी प्रस्ताव गरेबमोजिमको बजेट व्यवस्था गरिदिनका लागि प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश पोखरामा सिफारिस गर्ने।

क) समपुरक अनुदानतर्फः

- बेनी-दुधेखोला-थामडाँडा-बरङ्जा सडक योजना (आ.व. २०८३/८४ का लागि प्रस्तावित रकम रु. २ करोड मात्र)

नगर बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

ख) विशेष अनुदानतर्फ

- तहला आल- व्याडा-गिठिनी सिँचाई योजना ( आ.व. २०८३/८४ का लागि प्रस्तावित रकम रु. ४० लाख मात्र)

२. यस नगरपालिकाले स्वीकृत गरेको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी कार्यदलको प्रतिवेदन, २०८२ कार्यान्वयनको लागि नगर शिक्षा समितिको मिति २०८२/१२/२६ को बैठकको निर्णय सहित पेश भएका विषयहरु उपर बैठकमा विस्तृतमा छलफल भयो। सो सम्बन्धमा नगर शिक्षा समितिको सिफारिस समेतका आधारमा देहाय बमोजिम हुने गरी प्रतिवेदन कार्यान्वयन गर्ने।

क) नगरपालिका अन्तरगत विभिन्न वडामा सञ्चालित चार वटा आधारभूत तहका विद्यालयलाई अनुसूची-१ बमोजिम हुने गरी नजिकको विद्यालयमा कक्षा समायोजन गरी कक्षा सञ्चालन र शिक्षक व्यवस्थापन गर्ने।

ख) नगरपालिका अन्तरगत विभिन्न वडामा सञ्चालित एघार वटा आधारभूत र माध्यामिक तहका विद्यालयलाई अनुसूची-२ बमोजिम हुने गरी तह तथा कक्षा मिलान एवं समायोजन गरी शिक्षक व्यवस्थापन गर्ने ।

ग) खण्ड (क) र (ख) बमोजिम विद्यालय समायोजन र तह तथा कक्षा मिलान गर्दा बढी हुन आउने शिक्षक दरबन्दी मिलान गर्ने सन्दर्भमा तहगत दरबन्दी नपुगेका विद्यालयहरुमा न्यूनतम १ दरबन्दीको व्यवस्था गरी नियमानुसारको प्रधानाध्यापक नियुक्ति प्रक्रियालाई अगाडि बढाउने समेतका लागि अनुसूची-३ बमोजिम हुने गरी शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने।

घ) खण्ड (क), (ख) र (ग) बमोजिम विद्यालय समायोजन, तह तथा कक्षा मिलान र दरबन्दी मिलान गर्दा विद्यालयहरुको मौजुदा शिक्षक जनशक्ति व्यवस्थापन गर्ने सन्दर्भमा पहिलो चरणमा अनुसूची-४ बमोजिम हुने गरी शिक्षक व्यवस्थापन गर्ने।

ङ) पुल दरबन्दीमा रहने शिक्षक जनशक्तिको व्यवस्थापन तथा विद्यालय कर्मचारी व्यवस्थापनको लागि थप तयारी गरी दोस्रो चरणमा निर्णय लिने।

३. बेनी नगरपालिका क्षेत्रभित्र पर्ने कालीगण्डकी नदी र म्यागदी नदीका विभिन्न बगरहरुबाट नदीजन्य पदार्थ उत्खनन तथा बिक्रीका लागि तयार पारिएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन उपर छलफल गरी पेश भएको प्रतिवेदन स्वीकृत गरियो। स्वीकृत प्रतिवेदन समेतका आधारमा देहायका बगरहरुबाट नदीजन्य पदार्थ उत्खनन तथा बिक्रीका लागि ठेक्का आव्हान गर्ने।

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख

क) बगुवा खोला बगर, बे.न.पा. ५

ख) दुधेखोला कोप्रे बगर, बे.न.पा. २

ग) घुमाउने ताल बगर, बे.न.पा. २

घ) तल्लो सारेमारे बगर, बे.न.पा. १

४. यस नगरपालिकाको स्वास्थ्य शाखामा जनस्वास्थ्य अधिकृत पद (सातौं तह) मा कार्यरत चन्दन सुवेदीले नगरपालिकाको पूर्व सहमति बमोजिम आवेदन पेश गरी त्रिभुवन विश्वविद्यालय, चिकित्सा शास्त्र अध्ययन संस्थान अन्तरगतको जनस्वास्थ्य केन्द्रीय विभागमा सरकारी समूहतर्फ पूर्ण छात्रवृत्ति कोटामा Masters of Public Health (MPH) विषय अध्ययन गर्न छनौट भई भर्ना हुनुभएकोले गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम १११(२) बमोजिम उल्लिखित संकायको अध्ययन अवधि सुरु मिति २०८३/०१/१० गते देखि २ वर्षका लागि मिति २०८५/०१/१० सम्म तलबी अध्ययन विदा स्वीकृत गर्ने ।

५. खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय पोखरा, वृहत घोप्टेखोला खानेपानी तथा सरसफाई उपभोक्ता समिति म्याग्दी, बेनी नगरपालिका म्याग्दी र रघुगंगा गाउँपालिका म्याग्दीको साझेदारीमा लागत व्यहोर्ने गरी वृहत घोप्टेखोला खानेपानी आयोजनाको ठेक्का व्यवस्थापन भई दायित्व सिर्जना भएकोले सो दायित्व भुक्तानीको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन गर्न नगरपालिकाले गठन गरेको कार्यदलले पेश गरेको प्रतिवेदन सम्बन्धमा छलफल गरियो । सो सम्बन्धमा प्रतिवेदनको सुझाव समेतका आधारमा खानेपानी आयोजनाको सफल कार्यान्वयन गरी बेनी नगरपालिकाका घर घरमा एक घर एक धारा मार्फत आधारभूत खानेपानी तथा सरसफाई सेवा विस्तार गर्न नगरपालिकाको जिम्मेवारी बोध गर्दै बेनी नगरपालिकाले व्यहोर्नुपर्ने हिस्सा यकिन गर्ने तथा आयोजना कार्यालयको विविध खातामा दायित्व भुक्तानी गर्ने लगायतका शर्त राखी आपसी समझदारीपत्र तयार गर्ने । समझदारीपत्रमा उल्लेख गरिएका शर्त समेतका आधारमा नगरपालिकाले व्यहोर्नुपर्ने दायित्व क्रमशः भुक्तानी गर्दै जाने ।

नगर कार्यपालिकाको कार्यालय
बेनी नगरपालिका
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरेत के.सी.
नगर प्रमुख

६. न्यू बानियाँ निर्माण सेवा, म्याग्दीले बेनी नगरपालिकाका विभिन्न स्थानमा निर्माणाधीन आयोजनाको लागि आवश्यक पर्ने ६५ घन मिटर परिमाणको नदिजन्य निर्माण सामाग्री (ढुंगा) उपलब्ध गराइदिनका लागि अनुरोध सहित निवेदन पेश गरेको सम्बन्धमा बैठकमा छलफल भयो । सो सम्बन्धमा यस नगरपालिकाले दुई पटकसम्म ठेक्का आव्हान गर्दा समेत ठेक्का लाग्न नसकेको सारेमारे बगरबाट वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएको परिमाण मध्येबाट ६५ घनमिटर परिमाणको नदिजन्य निर्माण सामाग्री (ढुंगा) गण्डकी प्रदेश सरकारले तोकेको दरमा नियमानुसार राजश्व लिई निवेदनमा उल्लेख भएबमोजिमको आयोजनामा प्रयोग गर्न अनुमति दिने ।

७. जामुनाखर्क माध्यमिक विद्यालयले कक्षा ११ मा विषय थपको अनुमति माग गरेको सम्बन्धमा बैठकमा छलफल गरियो । विद्यालयले माग गरेबमोजिम शैक्षिक सत्र २०८३ देखि कक्षामा देहायका विषयहरु थप गरी पठन पाठन गराउन अनुमति दिने ।

क) Computer science ( Code No. 4271)

ख) Jurisprudence and Legal Theories (Code No. 1072)

ग) Procedural Law (Code No. 2071)

घ) Constitutional Law (Code No. 3171)

ङ) General Law (Code No. 4151)

८. नमुना विद्यालय कार्यक्रम अन्तरगत जामुनाखर्क माध्यमिक विद्यालयको भौतिक निर्माण तर्फ पहिलो चरणमा ठेक्का व्यवस्थापन हुँदा प्रतिस्पर्धाका कारण बचत हुन गएको रकमबाट प्रचलित सार्वजनिक खरिद कानून बमोजिम हुने गरी विद्यालयको गुरुयोजनामा समावेश भएका थप भौतिक संरचना निर्माण गर्न विद्यालयलाई अनुमति दिने ।

९. विविध विषयका सम्बन्धमा देहायबमोजिम गर्ने ।

क) ७ नं. वडा भित्र विभिन्न समयमा जडान गरिएका सौर्य बत्तीहरु काम नलाग्ने देखिएकोले वडा कार्यालयको सिफारिसका आधारमा प्राविधिकबाट प्रतिवेदन लिई काम नलाग्ने पोलहरु हटाउने र त्यसरी हटाइएका पोलहरुलाई कालीगण्डकी किनारको ढलान सडकको छेउपट्टी गाडेर सडक बत्ती जडान गर्ने । यस कार्यको लागि सम्बन्धित वडाको आयोजना/कार्यक्रमबाट खर्च हुने गरी निर्माण कार्य अगाडी बढाउने ।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

ख) जिल्ला प्रहरी कार्यालय म्याग्दीको समुदाय प्रहरी साझेदारी अभियान अन्तरगत सुरक्षा सूचनामूलक सामाग्री तयार पारी बेनी नगरपालिकाको घरधुरीमा टाँस गर्नका लागि सहयोग माग गरेको सम्बन्धमा बैठकमा छलफल भयो । सो सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, म्याग्दी र नगरपालिकाको समन्वयमा तयार पारिएको सुरक्षा सम्बन्धी सूचनामूलक सामाग्री निर्माणबापतको बिल बमोजिमको रकम यस नगरपालिकाको उपयुक्त शिर्षकबाट भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने ।

ग) श्री लक्ष्मीहरी मन्दिर, रत्नेचौरको आश्रम जाने सडकमा वर्षायाममा आवत जावत गर्न असहज भएकोले प्राविधिकको स्थलगत अवलोकन र प्रतिवेदनको आधारमा स्तरोन्नती गरी आवात जावत सहज बनाउने ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

अनुसूची-१

| क्र सं | समायोजनमा जाने विद्यालयको नाम र | समायोजन गरिने विद्यालयको नाम र | पुलमा हुने शिक्षक | शिक्षक व्यवस्थापनको उपाय |
|---|---|---|---|---|
| १ | नवज्योति आधारभूत विद्यालय बेनपा ३ | मुसुङडोले आ. वि. बेनपा ३ | १ | मुसुङ्डोले आ.वि. बेनपा ३ मा पठाउने |
| २ | भूमे आ. वि. पानीस्वाँरा बेनपा ३ | बालप्रीय शारदा आ.वि. बेनपा ३ | १ | बालप्रीय शारदा आवि बेनपा ३ मा पठाउने |
| ३ | चेतना आ.वि. पुलाडाँडा बेनपा ५ | जनकल्याण मा. वि. बेनपा ५ | १ | जनकल्याण मा वि बेनपा ५ मा पठाउने |
| ४ | हंसबाहिनी आ. वि. खबरा बेनपा २ | सरस्वती आ. वि. बगरफाँट बेनपा २ | २ | सरस्वती आ. वि. बगरफाँट बेनपा २ मा पठाउने |

अनुसूची-२

| क्र सं | विद्यालयको नाम र ठेगाना | हाल सञ्चालित कक्षा | तह/ कक्षा घटाइ कायम हुने कक्षा | कैफियत |
|---|---|---|---|---|
| १ | बराह आ वि तोराखेत बेनपा ३ | १-५ | १-३ | |
| २ | ज्ञानपुञ्ज आ वि बेनपा १ | १-५ | १-३ | |
| ३ | नवदुर्गा आ वि बेनपा २ | १-४ | १-३ | |
| ४ | विद्यामन्दिर आ वि बेनपा ६ | १-५ | १-३ | |
| ५ | वरनाथ आ वि बेनपा ५ | १-५ | १-३ | |
| ६ | चन्द्रोदय आ वि बेनपा ३ | १-५ | १-३ | |
| ७ | थाकनपोखरी आ वि बेनपा ६ | १-८ | १-५ | |
| ८ | राधाकृष्ण आ वि बेनपा २ | १-८ | १-५ | |
| ९ | जडभरत शालग्राम वेदविद्याश्रम | १-१० | १-८ | |
| १० | भानु मा वि रत्नेचौर | १-१२ | १-८ | पुलमा रहने |
| ११ | स्यालीखेत आ वि बेनपा ९ | १-५ | १-३ | |

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख

अनुसूची-३

## बेनी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा रहेको मौजुदा तहगत शिक्षक दरबन्दी विवरण तथा व्यवस्थापन

| क.स | विद्यालयको नाम | प्रा.जम्मा | नि.जम्मा | जम्मा | उ. मा. वि. | जम्मा दरबन्दी | हाल सञ्चालित कक्षा | शैक्षिक सत्र २०८३ मा सञ्चालन हुने कक्षा | कायम हुने दरबन्दी | पुलमा हुने दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भानु मा. वि.बे.न.पा १ | ४ | ४ | ४ | २ | १४ | १-१२ | १-८ | ८ | ६ | माध्यमिक तह घटाइएको माध्यमिक ४ र उमावि २ दरबन्दी नगरपालिका पुलमा रहने |
| २ | प्रकाश मा.वि. बे.न.पा ७ | ७ | ८ | ८ | ३ | २६ | १-१२ | १-१२ | २३ | ३ | हाल निम्नमाध्यमिक १ दरबन्दी झिकिएको |
| ३ | बेनी सामुदायिक मा .वि बे.न.पा ७ | १३ | ४ | ६ | २ | २५ | १-१२ | १-१२ | २६ | १ | उमावि दरबन्दी १ थप गरिएको |
| ४ | पौलत्स्य मा.वि विद्यालय बे.न.पा ५ | ४ | ४ | ५ | २ | १५ | १-१२ | १-१२ | १५ | ० | हाललाई यथावत |
| ५ | धवलागिरी मा.वि. बे.न.पा ४ | ७ | ५ | ६ | ० | १८ | १-१२ | १-१२ | १६ | २ | हाल वैशाख १ पछि रिक्त हुने निमावि १ दरबन्दी झिकिने मा वि १ झिक्ने |
| ६ | जामुनाखर्क मा.वि. बे.न.पा ६ | ७ | ४ | ४ | २ | १७ | १-१२ | १-१२ | १८ | ३ | दुइ प्रावि १ निमावि पुलमा (१ निमावि दरबन्दी थपिएको) |
| ७ | जनकल्याण मा वि. बे.न.पा ५ | ७ | ४ | ३ | ० | १४ | १-१२ | १-१२ | १५ | १ | १ माध्यमिक दरबन्दी थप गरिएको |
| ८ | गलेश्वर मा वि बे.न.पा ९ | ६ | ८ | ७ | ६ | २७ | १-१२ | १-१२ | २६ | ३ | हाललाई ३ प्रा वि पुलमा र १ निमावि झिकिएको |
| ९ | रामचन्द्र मा वि वे.न.पा १ | ७ | ३ | ० | ० | १० | १-१० | १-१० | १२ | २ | १ माध्यमिक दरबन्दी र १ प्राथमिक दरबन्दी थप गरिएको |
| १० | राष्ट्रिय मा वि. बेन.न.पा ९ | ९ | २ | १ | ० | १४ | १-१० | १-१० | १४ | २ | २ प्राथमिक दरबन्दी पुलमा रहेको |
| ११ | सरस्वति मा वि बे.न.पा ४ | ११ | ० | ० | ० | १५ | १-१० | १-१० | १६ | ४ | प्राथमिक ३ र माध्यमिक १ पुलमा मावि स्थायी दरबन्दी १ थप |
| १२ | दिपक मा वि बे.न.पा. १० | ८ | ३ | ० | ० | १४ | १-१० | १-१० | १५ | ३ | प्रामिक २ र माध्यमिक १ पुलमा |

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | थाकनपोखरी आ.वि. बे.न.पा. ६ | ५ | ३ | ० | ० | ८ | १-८ | १-५ | ५ | ३ | आधारभूत ६-८ कक्षा घटाएको निमावि दरबन्दी ३ नगरपालिका पुलमा |
| १४ | ज्योति आ.वि. बे.न.पा ५ | ४ | ३ | ० | ० | ७ | १-८ | १-८ | ७ | ० | हाललाई यथावत |
| १५ | बालमन्दीरमा.वि बे.न.पा ८ कालिपुल | ९ | १ | ० | ० | १२ | १-१० | १-१० | १४ | २ | माध्यमिक २ दरबन्दी पुलमा |
| १६ | हंशवाहिनी आ. वि. बे.न.पा २ | २ | ० | ० | ० | २ | १-३ | बालविकास मात्र राख्ने | ० | २ | प्रावि २ दरबन्दी नगरपालिका पुलमा |
| १७ | विघोदय आ वि बे.न.पा १० | ६ | ० | ० | ० | ७ | १-८ | १-८ | ८ | १ | १ निमावि दरबन्दी थप गरिएको |
| १८ | राधाकृष्ण आ. वि. बे.न.पा. २ | ४ | ३ | ० | ० | ७ | १-८ | १-५ | ४ | ३ | ३ निमावि दरबन्दी नगरपालिका पुलमा राखिएको |
| १९ | नवज्योति आ. वि. बे.न.पा. ३ | १ | ० | ० | ० | १ | १-३ | बालबिकास मात्र राख्ने | ० | १ | १ प्रा वि दरबन्दी नगरपालिका पुलमा राखिएको |
| २० | मुसुङडोले आ. वि. बे.न.पा. ३ | ६ | ० | ० | ० | ७ | १-८ | १-८ | ८ | १ | १ निमावि स्थायी दरबन्दी थप गरिएको |
| २१ | बालप्रिय शारदा आ. वि. बे.न.पा ३ | ६ | ० | ० | ० | ७ | १-८ | १-८ | ८ | १ | १ निमावि स्थायी दरबन्दी थप गरिएको |
| २२ | बालजागृति आ. वि. बे.न.पा ५ | ५ | ० | ० | ० | ५ | १-५ | १-५ | ५ | ० | हाललाई यथावत |
| २३ | वराह आ. वि. बे.न.पा. १० | १ | ० | ० | ० | १ | १-३ | १-३ | १ | ० | हाललाइ यथावत |
| २४ | खड्क भवानी आ. वि. बे.न.पा २ | ३ | ० | ० | ० | ३ | १-५ | १-५ | ३ | ० | हाललाइ यथावत |
| २५ | चन्द्रोदय आ. वि. बे.न.पा ३ | ३ | ० | ० | ० | ३ | १-५ | १-३ | २ | १ | १ प्रा वि दरबन्दी नगरपालिका पुलमा राखिएको |
| २६ | चेतना आ. वि. बे.न.पा. ५ | १ | ० | ० | ० | १ | १-३ | ० | ० | १ | १ दरबन्दी नगरपालिका पुलमा राख्ने |
| २७ | जगन्नाथ आ. वि. बे.न.पा ५ नयगाँउ | १ | ० | ० | ० | १ | १-३ | १-३ | १ | ० | हाललाइ यथावत |
| २८ | जडभरत मा. वि. बे.न.पा ९ | ७ | ० | ० | ० | १० | १-१० | १-८ | ११ | ३ | शिक्षण सहायता अनुदान २ र १ निम्नमाध्यमिक थप गरिएको पुलमा |
| २९ | डिम्व आ. वि. बे.न.पा. ५ | ३ | ० | ० | ० | ३ | १-५ | १-५ | ३ | ० | हाललाइ यथावत |
| ३० | ढोल्ठान आ. वि. बे.न.पा. ९ | १ | ० | ० | ० | १ | १-३ | १-३ | १ | ० | हाललाइ यथावत |

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३१ | नवदुर्गा आ. वि. बे.न.पा. २ | २ | ० | ० | ० | २ | १-४ | १-३ | २ | ० | हाललाइ यथावत |
| ३२ | पद्यमवराह आ. वि. बे.न.पा.९ | २ | ० | ० | ० | २ | १-३ | १-३ | २ | ० | हाललाइ यथावत |
| ३३ | बरनाथ आ. वि. बे.न.पा.५ | ३ | ० | ० | ० | ३ | १-४ | १-३ | २ | १ | १ प्रा वि दरबन्दी नगरपालिका पुलमा राखिएको |
| ३४ | बागेश्वरी आ. वि. बे.न.पा. ६ | २ | ० | ० | ० | २ | १-३ | १-३ | २ | ० | हाललाइ यथावत |
| ३५ | भवानी आ. वि. बे.न.पा. ९ | १ | ० | ० | ० | १ | १-३ | १-३ | १ | ० | हाललाइ यथावत |
| ३६ | भुमे आ. वि. बे.न.पा. ९ | ४ | ० | ० | ० | ४ | १-५ | १-५ | ३ | १ | १ दरबन्दी नगरपालिका पुलमा राखे |
| ३७ | वराह आ. वि. बे.न.पा. ३ | २ | ० | ० | ० | २ | १-५ | १-३ | १ | १ | २ दरबन्दी नगरपालिका पुलमा राखे |
| ३८ | भृकुटि आ. वि. बे.न.पा. ४ | २ | ० | ० | ० | २ | १-३ | १-३ | २ | ० | हाललाइ यथावत |
| ३९ | उपल्लाचौर आ. वि. बे.न.पा.१ | ३ | ० | ० | ० | ३ | १-५ | १-५ | २ | १ | हाललाइ यथावत |
| ४० | युवावर्ष आ. वि. बे.न.पा.१ | २ | ० | ० | ० | २ | १-३ | १ | १ | १ | १ दरबन्दी नगरपालिका पुलमा राखे |
| ४१ | भुमे आ. वि. बे.न.पा. ३ | १ | ० | ० | ० | १ | १-३ | बालबिकास मात्र राखे | ० | १ | १ दरबन्दी नगरपालिका पुलमा राखे |
| ४२ | वसन्त आ. वि. बे.न.पा. ५ | ३ | ० | ० | ० | ३ | १-५ | १-५ | ३ | ० | हाललाइ यथावत |
| ४३ | विद्यामन्दिर आ. वि. बे.न.पा. ६ | ४ | ० | ० | ० | ४ | १-५ | १-३ | २ | २ | २ दरबन्दी नगरपालिका पुलमा राखे |
| ४४ | शिवालय आ. वि. बे.न.पा. ४ | २ | ० | ० | ० | २ | १-३ | १-३ | १ | १ | नगरपालिका पुलमा १ प्रा वि |
| ४५ | सरस्वति बगर आ. वि. बे.न.पा.२ | ६ | १ | ० | ० | ७ | १-८ | १-८ | ८ | १ | निमावि १ शिक्षक थप्ने |
| ४६ | सल्लेरी नरबुद्धि आ. वि. बे.न.पा. ९ | २ | ० | ० | ० | २ | १-३ | १-३ | १ | १ | नगरपालिका पुलमा १ प्रा वि |
| ४७ | स्यालिखेत आ. वि. बे.न.पा. ९ | ३ | ० | ० | ० | ३ | १-५ | १-३ | २ | १ | १ दरबन्दी नगरपालिका पुलमा राखे |
| ४८ | सरस्वति पुरुन्डी आ. वि. बे.न.पा. ५ | २ | ० | ० | ० | २ | १-३ | १-३ | १ | १ | नगरपालिका पुलमा १ प्रा वि |
| ४९ | बालमन्दीर आ. वि. बे.न.पा. ४ | ७ | ० | ० | ० | ७ | १-८ | १-८ | ८ | १ | १ निम्नमाध्यमिक थप गरिएको पुलमा |
| ५० | जयन्ती मा. वि. बे.न.पा.३ | ४ | ४ | ४ | ० | १२ | १-१० | १-१० | १२ | ० | हाललाइ यथावत |

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५१ | अर्जुन मा. वि. बे.न.पा.२ | ५ | ३ | ५ | २ | १५ | १-१२ | १-१२ | १६ | १ | १ निमावि थप गरिएको १ प्रा वि दरबन्दी नगरपालिका पुलमा राखिएको |
| ५२ | ज्ञानपुञ्ज आ. वि. बे.न.पा. १ | २ | ० | ० | ० | २ | १-५ | १-३ | १ | १ | १ दरबन्दी नगरपालिका पुलमा राखे |
| ५५ | गणेश आ वि बे.न.पा ५ सेतेढुङ्गा | १ | ० | ० | ० | १ | १-३ | १-३ | १ | ० | हाललाइ यथावत |
| | जम्मा | २२३ | ६७ | ५३ | १९ | ३६२ | | | ३५९ | ६५ | |

नगर कार्यपालिकाको कार्यालय
बैनी नगरपालिका
बैनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख

## अनुसूची-४ शिक्षक व्यवस्थापन (प्रथम चरण)

| क. सं | शिक्षकको नाम | हाल कार्यरत विद्यालय | नियुक्तिको किसिम | तह र श्रेणी | विषय | पदाधिकार | कामकाज गर्न खटाइएको विद्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | मुरारी शर्मा | भानु मा वि रत्नेचौर | स्थायी | मा शि तृ | अंग्रेजी | नगरपालिका पुल | पौलस्त्य मा वि | |
| २ | अञ्जु शर्मा | भानु मा वि रत्नेचौर | स्थायी | मा शि तृ | गणित | नगरपालिका पुल | पौलस्त्य मा वि | |
| ३ | देवी प्रसाद शर्मा | पौलस्य मा वि भिरमुनि | स्थायी | मा शि द्वि | गणित | पौलस्य मा वि | बालमन्दिर मा वि कालीपुल | |
| ४ | गजेन्द्र श्रेष्ठ | पौलस्य मा वि भिरमुनि | स्थायी | मा शि तृ | अंग्रेजी | पौलस्य मा वि | जनकल्याण मा वि पुलाचौर | |
| ५ | दिनेश बोगटी | भानु मा वि रत्नेचौर | स्थायी | मा शि तृ | विज्ञान | नगरपालिका पुल | रामचन्द्र मा वि अर्जम | |
| ६ | गणेश सिं धामी | भानु मा वि रत्नेचौर | राहत | मा शि तृ | सामाजिक | नगरपालिका पुल | अर्जुन मा वि भकुण्डे | |
| ७ | भरत खत्री | भानु मा वि रत्नेचौर | उ मा शि अ | | अंग्रेजी | नगरपालिका पुल | बेनी सामुदायिक मा वि | |
| ८ | गोविन्द रिजाल | भानु मा वि रत्नेचौर | उ मा शि अ | | नेपाली | नगरपालिका पुल | अर्जुन मा वि भकुण्डे | |
| ९ | पशुपति केसी | अर्जुन मा वि भकुण्डे | मा वि | | नेपाली | नगरपालिका पुल | दिपक मा वि पाल्लेखेत | |
| १० | सरस्वति परियार | हंसबाहिनी आ वि खबरा | | प्रा शि तृ | | नगरपालिका पुल | सरस्वति आ वि बगरफाँट | |
| ११ | विष्णुकुमारी श्रेष्ठ | ज्ञानपुञ्ज आ वि अर्जम | राहत | प्रा शि तृ | | नगरपालिका पुल | रामचन्द्र मा वि अर्जम | |
| १२ | धनबहादुर राना | विद्यामन्दिर आ वि | स्थायी | प्रा शि द्वि | | नगरपालिका पुल | | |
| १३ | टिकाकुमारी राना | चन्द्रोदय आ वि भकिम्ली | | | | नगरपालिका पुल | उज्यालो वैकल्पिक | |
| १४ | चन्द्रमणि पौडेल | थाकनपोखरी आ वि | स्थायी | नि मा शि प्र | | नगरपालिका पुल | बालमन्दिर आ वि डाँडाखेत | |
| १५ | अम्बिका पौडेल ढुङ्गाना | थाकनपोखरी आ वि | राहत | नि मा शि | | नगरपालिका पुल | जामुनाखर्क मा वि | |
| १६ | सन्देश आचार्य | थाकनपोखरी आ वि | राहत | नि मा शि | | नगरपालिका पुल | नगर कार्यपालिकाको | |
| १७ | रामबहादुर छन्त्याल | राधाकृष्ण आ वि गौंढारा | राहत | नि मा शि | | नगरपालिका पुल | जयन्ती मा वि भकिम्ली | |
| १८ | यशोदा शर्मा | राधाकृष्ण आ वि गौंढारा | राहत | नि मा शि | | नगरपालिका पुल | अर्जुन मा वि भकुण्डे | |
| १९ | गोविन्द सुवेदी | राधाकृष्ण आ वि गौंढारा | राहत | नि मा शि | | नगरपालिका पुल | अर्जुन मा वि भकुण्डे | |
| २० | भगवान ढुंगाना | प्रकाश मा वि बेनी | स्थायी | नि मा शि | | नगरपालिका पुल | जडभरत सालग्राम मा वि | |
| २१ | भोजबहादुर जि शि | जयन्ती मा वि भकिम्ली | स्थायी | निमा शि | | जयन्ती मा वि भकिम्ली | मुसुङ्डोले आ वि | |
| २२ | मिन ब दर्मे | अर्जुन मा वि | स्थायी | निमा शि | अंग्रेजी | अर्जुन मा वि | विद्योदय आ वि | |
| २३ | गोपाल के सी | ध मा वि | स्थायी | निमा प्र | सामाजिक | ध मा वि | बाप्रिय शारदामा दरबन्दी | |
| २४ | कृष्ण प्रसाद सुवेदी | गलेशर मा वि | स्थायी | निमा शि | विज्ञान | गलेशवर मा वि | सरस्वती आ.वि बगरफाँट | |
| २५ | राजाराम पौडेल | ध मा वि सिंगा | स्थायी | मा शि तृ | सामाजिक | ध मा वि सिंगा | सरस्वति मा वि तातोपानी | |
| २६ | त्रिविक्रम सुवेदि | गलेशर मा वि तोरीपानी | स्थायी | मा शि द्वि | अंग्रेजी | गलेशवर मा वि | राष्ट्रिय मा वि नेप्टेचौर | |
| २७ | रतन भण्डारी | राष्ट्रिय मा वि नेप्टेचौर | राहत | मा शि तृ | अंग्रेजी | राष्ट्रिय मा वि नेप्टेचौर | गलेश्वर मा वि तोरीपानी | |
| २८ | टेकबहादुर पुन | अर्जुन मा वि भकुण्डे | स्थायी | मा शि तृ | सामाजिक | अर्जुन मा वि | जयन्ती मा वि भकिम्ली | |
| २९ | गंगादत्त रेग्मी | जयन्ती मा वि भकिम्ली | राहत | मा शि तृ | सामाजिक | जयन्ती मा वि भकिम्ली | बालमन्दिर मा वि कालीपुल | |
| ३० | रुद्र बहादुर श्रिष | नवज्योति आ वि मरेक | स्थायी | प्रा वि तृतीय | | नगरपालिका पुल | मुसुङ्डोले आ वि बेनपा ३ | |
| ३१ | कजिना घर्ती मगर | भुमे आवि पानिस्वार बेनपा ३ | स्थायी | प्रा वि तृतीय | | नगरपालिका पुल | बालप्रीय शारदा आवि बेनपा ३ | |
| ३२ | लक्ष्मी पौडेल | चेतना आ वि बेनपा ५ | स्थायी | प्रा वि तृतीय | | नगरपालिका पुल | जनकल्याण मा वि पुलाचौर | |

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख